मिति २०७५।१।२१ को विभागीय निर्णयले स्विकृत

# साझेदारी वन राष्ट्रिय पुरस्कार कार्यविधि, २०७५

## क) प्रस्तावनाः

तराई तथा भित्री मधेशका उत्पादनशिल वनक्षेत्रहरु साझेदारी वन व्यवस्थापनको मोडेलवाट व्यवस्थापन भैआएको छ। यस किसिमको वन व्यवस्थापन अभ्यासवाट वनक्षेत्रवाट टाढा रहेका परम्परागत उपभोक्ताहरु समेत वनको संरक्षण, व्यवस्थापनमा आवद्ध भइ उनीहरुको वन पैदावारको उपभोगमा पहुँच पुगेको छ। साझेदारी वन व्यवस्थापनमा हाल अवलम्वन गरिएको वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति अनुरुप देशका १२ जिल्लाका ३० वटा साझेदारी वनमा वन व्यवस्थापनको अभ्यास भै आएको छ। वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति वास्तवमा तराइको वन व्यवस्थापनको एउटा महत्वपूर्ण उपाय र आवश्यकता हो । यसको सुरुवातले नै वनको हैसियतमा सुधार गर्दै वनको उत्पादन क्षमता वृद्धिमा ठुलो सफलता, भरोसा र चासो प्रदर्शित भैसकेको अवस्थावाट हाल सो अनुरुपको व्यवस्थापन पद्धतिको सिकाइ सामुदायिक वनहरुमा समेत लागु हुन थालेको छ। हाल सामुदायिक वनहरुले समेत वनको वैज्ञानिक व्यवस्थापन गर्ने गरी वन कार्ययोजना वनाई कार्यान्वयनमा गैसकेका छन ।

समुदायमा आधारित वन व्यवस्थापन अभ्यासमा वन सम्वर्द्धन प्रणालीमा आधारित व्यवस्थापनको अभ्यासको सुरुवात गरी वनको उत्पादकत्वमा सुधार ल्याउन हौसिएका र कस्सिएका साझेदारी वन व्यवस्थापन समुहहरुमा थप हौसला र प्रेरणा जगाउने सोचका साथ वन विभागले यो पुरस्कारको व्यवस्था ल्याएको हो । आर्थिक वर्ष २०७४/०७५ को वार्षिक स्वीकृत कार्यक्रममा समेत यस पुरुस्कारको लागि बजेट विनियोजन भई नेपालमा प्रथम पटक साझेदारी वन पुरुस्कारको स्थापना हुन गैरहेको छ। वन सम्वर्द्धन प्रणालीमा आधारित वनको वैज्ञानिक व्यबस्थापन र विकास कार्यमा उत्कृष्ट कार्य गर्ने साझेदारी वन उपभोक्ता समुहहरु मध्येवाट निश्चित आधार र सुचकको आधारमा छनौट गरी पुरस्कृत गर्ने कार्यक्रम संचालन गरिएको छ।

पुरस्कार वितरण गर्ने कार्यलाई सरल, पारदर्शी र व्यवस्थित गर्न यो कार्यविधि तयार गरिएको हो ।

## ख) पुरस्कार छनौट र मूल्यांङ्कन समितिः

साझेदारी वन राष्ट्रिय पुरस्कारको छनौट तथा मूल्यांङनको लागि सरकारी तथा गैर सरकारी क्षेत्र समेतको प्रतिनिधित्व समेत हुने गरी तपसिल बमोजिमको एक पुरस्कार छनौट र मूल्यांङ्कन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| **संयोजकः** | **उपमहानिर्देशक, राष्ट्रिय वन महाशाखा, वन विभाग** |
| सदस्यः | उपसचिव स्तर (प्रा.), वन अनुसन्धान तथा सर्वेक्षण विभाग |
| सदस्यः | उप-सचिव स्तरको प्रतिनिधि, वन तथा वातावरण मन्त्रालय |
| सदस्यः | उप-सचिव स्तरको प्रतिनिधि, सामुदायिक वन महाशाखा, वन विभाग |
| सदस्यः | उप-सचिव स्तरको प्रतिनिधि, राष्ट्रिय वन महाशाखा, वन विभाग |
| सदस्यः | प्रतिनिधि, साझेदारी वन उपभोक्ता महासंघ |
| सदस्यः | वनको वैज्ञानिक व्यवस्थापनमा संलग्न रहि कार्य गर्दै आएका मध्ये वन विभागले तोकेको विज्ञ २ जना |

२०७-

सदस्य सचिवः उप-सचिव, वन व्यवस्थापन शाखा, राष्ट्रिय वन महाशाखा, वन विभाग

## ग) समितिको काम कर्तव्य र अधिकारः

पुरस्कार छनौट र मूल्यांङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

- सम्बन्धित जिल्ला वन कार्यालयबाट प्राप्त सिफारिसको आधारमा उत्कृष्ट साझेदारी वन समूहको सिफारिस गर्ने ।
- पुरस्कारको लागि सूचक/सूचकांङ्क तयार पार्ने र अनुमोदन गर्ने ।
- पुरस्कारको सिफारिसको आधारमा मूल्यांङ्कन गरी पुरस्कार सम्बन्धी निर्णय गर्ने ।
- पुरस्कार सम्बन्धि विवाद आएमा आवश्यक निर्णय लिने ।
- पुरस्कारको निर्णय, घोषणा लगायतका विषयमा कार्यविधि र कार्य तालिकाको निधो गरी कार्य सम्पन्न गर्ने ।
- साझेदारी वन राष्ट्रिय पुरस्कारको लागि विनियोजित वजेटबाट प्राप्त मनोनयन संख्याको आधारमा पुरस्कारको राशी, पुरस्कृत गर्ने संख्या तथा अन्य कार्यको लागि आवश्यक रकम बाँडफाड गर्ने ।
- पुरस्कृत समूहहरुको विवरण पुस्तिकाको रुपमा प्रकाशन गरिनेछ ।
- आवश्यक्ताअनुसार बैठक राख्ने, बैठकमा उपस्थित पदाधिकारीहरुलाई नियमानुसार खाजा/खाना तथा भत्ता उपलव्ध गराउन सक्नेछ ।
- समितिले आवश्यक्ताअनुसार कार्यालयको साधान स्रोत प्रयोग गर्नेछ र उपयुक्त देखिएमा प्रारंभिक छनौटमा परेका साझेदारी वनहरुको स्थलगत अध्ययन र समूहहरुसित छलफल समेत गर्न सक्नेछ ।
- समितिको बैठक संयोजकले तोके बमोजिम आवश्यकता अनुसार बस्नेछ ।
- समितिको गणपुरक संख्या दुई तिहाईको हुनेछ । तर प्रथम बैठकमा गणपुरक संख्या नपुगेमा दोश्रो बैठकमा पचास प्रतिशत भन्दा बढी सदस्यको उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

## घ) पुरस्कार छनौटका आधारहरुः

पुरस्कार छनौटका लागि वन विभाग, राष्ट्रिय वन महाशाखाले तयार गरी आवश्यकत्तानुसार विज्ञ स्तरमा समेत ईमेल मार्फत प्रतिक्रिया लिई सो समेतलाई दृष्टिगत गरी तयार पारिएको "साझेदारी वन राष्ट्रिय पुरस्कार" को सफल साझेदारी वन छनौटका आधार र सूचकहरुको सूचीको आधारमा उत्कृष्ट समूहको छनौट गरी पुरस्कार सिफारिस गरिनेछ । उक्त "साझेदारी वन राष्ट्रिय पुरस्कार" को आधार र सूचकहरुको फारम अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## ङ) पुरस्कार सम्बन्धी अन्तिम निर्णयः

" साझेदारी वन राष्ट्रिय पुरस्कार" सम्बन्धी अन्तिम निर्णय वन विभागबाट हुनेछ ।

## च) पुरस्कार छनौट प्रक्रिया

वन विभागले साझेदारी वन राष्ट्रिय पुरस्कारको कार्यविधि स्वीकृत भएपछि साझेदारी वन रहेका तराइका सबै जिल्ला वन कार्यालयहरु, क्षेत्रीय वन निर्देशनालय, प्रादेशिक उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, साझेदारी वन उपभोक्ता महासंघ लगायतका विभिन्न संघ, संस्थाहरुमा यस साथ संलग्न मूल्याँकनका आधार, सूचकहरुको आधारमा मूल्याँकन गरी पठाइदिनु हुन अनुरोधका साथ कम्तीमा १५ दिनको म्याद दिइ सूचना पठाइने छ । यसरी सिफारिश

साथ प्राप्त मूल्याँकनका आधारमा वन विभागले गठन गरेको पुरस्कार छनौट र मूल्याँकन समितिले मूल्याँकन गरी आफनो सिफारिश साथ साझेदारी वन समूहहरुले प्राप्त गरेको प्राप्तांक र मूल्याँकनका विस्तृत आधार सहित वन विभागमा पेश गरी विभागिय निर्णय वमोजिम हुनेछ ।

## छ) पुरस्कारको राशी

आ.व. २०७४/७५ मा साझेदारी वन पुरस्कार वितरण कार्यक्रमको लागि रु. १००,००० (अक्षरेपी रु. एक लाख) विनियोजन गरिएको रहेछ । पहिलो पुरस्कारका राशी रु ५५,५५५।- रहने छ । पुरस्कार मूल्याँकन समितिको वैठक तथा पुरस्कृत समूहका प्रमाणपत्र समेतको लागि जम्मा रु. ४४,४४५।- छुट्याईने छ (लागत ईष्टिमेट यसै साथ संलग्न छ) । समूहलाई प्रमाणपत्र सहित नगद पुरस्कृत गरिनेछ ।

- यो पुरस्कार उत्कृष्ठ १ वटा साझेदारी वन उपभोक्ता समूहलाई प्रदान गरिनेछ तर मूल्याँकन गर्दा कूल प्राप्तांक बराबर भेटिएमा बढीमा २ वटा समूहलाई दामासाहीले वितरण गरिनेछ ।
- समूहले प्राप्त गर्ने पुरस्कार रकममा लाग्ने कर प्रचलित नियम, कानून अनुसार स्रोतमा नै काटेर मात्र वितरण गरिनेछ ।
- पुरस्कार एउटा भव्य कार्यक्रम आयोजना गरी वितरण गरिनेछ ।

उप महानिर्देशक

## अनुसुची १: पुरस्कार छनौटका आधार, सुचकहरु र तिनको अंक भारको विवरण

| आधार नं. | आधारहरु | अधिकतम अंकभार | सुचक नं. | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | वन व्यवस्थापन योजना तयारी र गुणस्तर | ५ | १.१ | वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन पद्धति अंगीकार गरेको । | २ | | |
| | | | १.२ | वनको अवस्था अनुसारको व्यवस्थापन पद्धतिको चयन । | १ | | |
| | | | १.३ | वन व्यवस्थापन योजना समयमा नवीकरण भएको | १ | | |
| | | | १.४ | वन व्यवस्थापन योजना बनाउने समूहको सहभागिता | १ | | |
| २ | वन व्यवस्थापन योजनाको कार्यान्वयनको अवस्था र रेकर्ड व्यवस्थापन एवं उद्यम विकास | ३० | २.१ | कार्ययोजनामा उल्लेखित कृयाकलापहरुको कार्यान्वयनको अवस्था (वन व्यवस्थापनका कृयाकलापहरु नियमित र व्यवस्थित रुपमा संचालन गरिएको, कार्ययोजनामा सिफारिस भए बमोजिमका वन व्यवस्थापनका कृयाकलापहरु संचालन गरिएको ।) | ५ | | |
| | | | २.२ | वन व्यवस्थापनका कृयाकलापहरु तोकिएको समयमा तोकिएको परिमाणमा भए नभएको ।<br>▪ काठ दाउरा उत्पादन (कार्ययोजनामा उल्लेखित परिमाण र वास्तविक उत्पादन भएको परिमाण (५ अंक)<br>▪ वन व्यवस्थापनका क्रियाकलापहरु कार्ययोजनामा तोकिएको क्षेत्रफल र वास्तविक कार्य सम्पन्न भएको क्षेत्रफल (३ अंक)<br>▪ संचालित कार्यक्रम तोकिएको वर्ष र समयतालिका सो बमोजिम भए नभएको (२ अंक) | १० | | |
| | | | २.३ | वनको हैसियतमा सुधार भएको | ३ | | |
| | | | २.४ | प्राकृतिक पुनरोत्पादनको अवस्था (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |
| | | | २.५ | समुहमा भएका कृयाकलापहरुको रेकर्ड व्यस्थापन (लागत खर्च, आम्दानी/काठ दाउरा, वल्लावल्लीको विक्री, स्टक, आम्दानी/व्यवस्थापन भएको क्षेत्रहरुको नक्सा आदि ।) | ५ | | |
| | | | २.६ | उद्यम विकास सम्वन्धी तालिम, उद्यम विकासमा लगानी सहयोग, उद्यम विकासका पुर्वाधार स्थापना व्यवस्थापन, वन व्यवस्थापनमा स्थानिय रोजगारी सुजना | ५ | | |
| ३ | **वन संरक्षणको अवस्था** | | | | | | |
| | ▪ चोरी कटानी नियन्त्रण | १० | ३.१ | चोरी कटानी पूर्ण नियन्त्रण भएको, नभएको वा मध्यम स्तरको | २ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ▪ वन अतिक्रमण नियन्त्रण | | ३.२ | ▪ पुरानो अतिक्रमण हटाइ व्यवस्थापन गरी नयाँ अतिक्रमण समेत हुन नदिएको ।<br>▪ पुरानो अतिक्रमण भएको तर हटाउन नसकेको हटाउने योजना रहेका प्रयास भएको र हाल नयाँ अतिक्रमण हुन नदिएको । | ४ | | |
| | ▪ वन्यजन्तुको संरक्षण | | ३.३ | चोरी शिकार नियन्त्रणको प्रयास | १ | | |
| | ▪ वन डढेलोको अवस्था | | ३.४ | वन डढेलो नियन्त्रण दस्ता र साधन सामाग्री दुरुस्त राखी, आवश्यक व्यवस्था भएको । | १ | | |
| | | | ३.५ | वन डढेलो लाग्नबाट बचाउने प्रयास गरेको । | २ | | |
| ४. | वन संरक्षण पद्धति र प्रभावकारिता | ५ | ४.१ | हेरालुबाट | ५ | | |
| | | | ४.२ | वन कर्मचारीबाट | | | |
| | | | ४.३ | समूह स्वयम्ले टुरगश्ती गरेर | | | |
| ५. | वनक्षेत्र बाहिर वन विकास | १० | ५.१ | वन नर्सरी स्थापना र बिरुवा उत्पादन (गुणस्तर समेत) | २ | | |
| | | | ५.२ | सार्वजनिक जग्गामा वन विकास (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |
| | | | ५.३ | निजी वन विकास र विस्तारमा सहयोग (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |
| | | | ५.४ | गैरकाष्ठ वन पैदावारको विकास र खेती विस्तार (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |
| | | | ५.५ | वृक्षारोपण गरिएको स्थानमा बिरुवाको स्थापना र बाँच्ने दर (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |
| ६. | वन पैदावार वितरण प्रणाली | १० | ६.१ | प्रत्येक गाउँमा प्राप्त वन पैदावार (काठ, दाउरा)को बराबर बाँडफाँड गर्ने गरेको | २ | | |
| | | | ६.२ | तोकिएको परिमाण अनुसार माँग र गाउँ स्तरीय समितिको सिफारिसमा वितरण व्यवस्था रहेको । | २ | | |
| | | | ६.३ | डिपो राखी काठ, दाउरा वितरण गरेको वा नगरेको | २ | | |
| | | | ६.४ | समूह भित्र सहुलियत दरमा काठ बिक्री वितरणको अवस्था | २ | | |
| | | | ६.५ | समूहबाहिर काठ, दाउरा टेण्डर गरी पारदर्शी तरिकाले वितरण गरेको अवस्था | २ | | |
| ७. | व्यवस्थापन समिति एवं कार्यान्वयन इकाइको कार्य संचालन प्रभावकारिता | ५ | ७.१ | सुचना आदान प्रदानको संयन्त्र र गुनासो व्यवस्थापन समुचित ढंगले हुने गरेको । | १ | | |
| | | | ७.२ | व्यवस्थापन समितिको म्याद भित्रै निर्वाचन, गठन | १ | | |
| | | | ७.३ | समितिको साधारण सभाको स्थिति | १ | | |
| | | | ७.४ | वार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन तयारी गरी अनुमोदन गर्ने गरेको, जिल्ला वन समन्वय समितिमा पेश भइ कार्यान्वयनमा जाने गरेको । | २ | | |
| ८. | आर्थिक पारदर्शिता र कोष परिचालन | ६ | ८.१ | सार्वजनिक सुनुवाइ, सभा/भेलामा प्रस्तुत् गर्ने गरिएको र संचालित कृयाकलापहरु र त्यसको खर्चको सम्बन्धमा जान्न इच्छुकहरुमा सुचनाको पहुँच रहेको । | २ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ८.२ | लेखापरिक्षण गर्ने गरिएको । | १ | | |
| | | | ८.३ | समुहमा बेरुजुको अवस्था | १ | | |
| | | | ८.४ | कोषको रकम वन व्यवस्थापनमा प्रयोग (५०% भन्दा बढि, २५ देखि ५० % सम्म, २५ % भन्दा कम) | २ | | |
| | | | ८.५ | कोषको रकम गरीवि न्यूनिकरणमा प्रयोग (धेरै राम्रो, राम्रो, नराम्रो) | २ | | |
| | | | ८.६ | सवै सरोकारवालाहरुवाट वन व्यवस्थापनमा लगानी भएको र लगानीको आधारमा सवै सरोकारवालाहरु विच लाभांश वितरण भएका | २ | | |
| ९. | रोजगारीको सृजना तथा कर्मचारी तथा कामदारको सन्तुष्टी | ५ | ९.१ | स्थानीय रोजगार सृजना गरेको, नगरेको । | ३ | | |
| | | | ९.२ | वन व्यवस्थापन कार्यमा संलग्न कामदार कर्मचारीहरुको सन्तुष्टी, मनोवल तथा अभिप्रेरणाको अवस्था । | २ | | |
| १०. | अन्य (आफै प्रशंसनीय र नवीनतम कार्य गरेको भए लेख्ने) | १० | | | | | |
| | कूल जम्मा | १०० | | | | | |

नोटः प्रत्येक सूचकमा दिएको अंकभारलाई प्रष्टाउने पुष्टाई र मूल्याँकनमा सहयोग पुऱ्याउने कागजात, प्रमाण, तथा फोटो, भिडियो एवं वेभलिंकहरु उपलव्ध भएसम्म संलग्न गरी पठाउनु पर्नेछ ।

| तयार गर्ने | प्रमाणित गर्ने | सिफारिश गर्ने |
|---|---|---|
| .............. | ..................... | ......................... |
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| नाम: .......... | नाम: .......... | नाम: .......... |
| पद:............ | पद:............ | पद:............ |